# स्थानीय राजपत्र

## शैल्यशिखर नगरपालिकाद्वारा प्रकाशित

खण्डः६ संख्याः९ मितिः २०७९।०९।०५

भाग–२

शैल्यशिखर नगरपालिका

| |
|---|
| **शैल्यशिखर नगरपालिका बैठक भत्ता तथा भ्रमण खर्च सम्बन्धि कार्यविधि २०७९** |

| | |
|---|---|
| नगरकार्यपालिकाबाट स्वीकृत मिति | २०७९।०८।१८ |

शैल्यशिखर नगरपालिका

# शैल्यशिखर नगरपालिका बैठक भत्ता तथा भ्रमण खर्च सम्बन्धि कार्यविधि २०७९

नगरकार्यपालिकाबाट स्वीकृत मितिः-२०७९।०८।१८

नगरपालिकामा बस्ने विभिन्न बैठक तथा पदाधिकारीहरुबाट हुने भ्रमण खर्चलाई पारदर्शी व्यवस्थित बनाउन बान्छनीय भएकाले स्थानिय सरकार संञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

१ नगरसभा बैठक भत्ता सम्बन्धि व्यवस्थाः

(क) नगरसभाले बैठकमा उपस्थित पदाधिकारीहरलाई प्रत्येक नगरसभा बैठक वाफत प्रति बैठक प्रति व्याक्ति रु १०००/- (अक्षरेपी एक हजार ) का दरले नियमानुसारको कर कट्टी गरि बैठक भत्ता उपलब्ध गराईने छ।

(ख) नगरसभाको बैठकमा प्रमुख प्रशासकीय अधिकृतलाई सदस्य सचिवको भूमिकामा समावेश गरिनेछ।

(ग) नगरसभा बैठक संञ्चालनार्थ आवश्यक सहयोगका लागि प्रमुख प्रशासकीय अधिकृत बाहेक बढीमा २ जना कर्मचारिहरु राख्न पाउनेछ र निजहरुले पनि प्रत्येक बैठकको प्रति व्यक्ति रु १०००/- (अक्षरेपी एक हजार ) का दरले नियमानुसारको कर कट्टी गरी बैठक भत्ता उपलब्ध गराईनेछ।

(घ) नगरसभा बैठकमा उपस्थित सदस्य तथा सहयोगार्थ खटिने कर्मचारीहरुलाई प्रति व्यक्ति रु ५००/- (अक्षरेपि पाँच सय ) का दरले नियमानुसारको कर कट्टी गरी बैठक भत्ता पाउनेछ।

**२. नगरकार्यपालिका बैठक भत्ता सम्बन्धी व्यवस्थाः**

(क) कार्यपालिकाको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ र सो भन्दा आवश्यकता अनुसार बैठक बस्न सक्नेछ। बैठकमा उपस्थित पदाधिकारीहरुलाई प्रत्येक बैठक बाफत प्रति व्यक्ति रु १०००/- (अक्षरेपि एक हजार मात्र) का दरले नियमानुसारको कर कट्टी गरी बैठक भत्ता दिईनेछ।

(ख) कार्यपालिकाको बैठकमा प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिबको भूमिकामा समावेश गरिनेछ।

(ग) कार्यपालिकाको बैठक संचालनार्थ आवश्यक सहयोगका लागी सदस्य सचिवले बढीमा १ जना कर्मचारीहरु राख्न पाउनेछ र निजहरुले पनि प्रत्येक बैठकको रु १०००/- (अक्षरेपी एक हजार मात्र) का दरले नियमानुसारको कर कट्टी गरी बैठक भत्ता पाउनेछ ।

(घ) कार्यपालिकाको बैठकमा उपस्थित सदस्य तथा सहयोगार्थ खटिने कर्मचारीहरुलाई खाजा वा खाना खाजा दुवैको व्यवस्था कार्यालयले गर्नेछ । खाजा खाना वाफत भनेर कुनै पनि रकम पाउने छैन।

**३. वडा समिति बैठक भत्ता सम्बन्धी व्यवस्थाः**

(क) वडा समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ तर महिनामा तीन पटक भन्दा बढी बैठक बसेको भत्ता पाईनेछैन । वडा समितिलेको बैठकमा उपस्थित पदाधिकारीहरुले प्रति बैठक प्रति व्यक्ति रु १०००/- (अक्षरेपि एक हजार) का दरले नियमानुसार कर कट्टी गरी बैठक भत्ता उपलब्ध गराईनेछ।

(ख) वडा सचिवले वडा समितिको बैठकमा सदस्य सचिवको रुपमा काम गर्नेछ तर कुनै पनि वडामा कार्यालय सहायक वा अन्य कर्मचारीले वडा सचिव भई वा वडा सचिवले गर्ने कामकाज गर्दै आएको अवस्थामा निज पनि सदस्य सचिवका रुपमा समावेश हुनेछ

(ग) वडा समितिको बैठक संचालनार्थ आवश्यक सहयोगका लागी बढीमा १ जना कर्मचारीहरु राख्न पाउनेछ र निजहरुले पनि प्रत्येक बैठकको प्रति व्यक्ति रु १०००/- (अक्षरेपि एक हजार ) का दरले नियमानुसारको कर कट्टी गरी बैठक भत्ता पाउनेछ।

(घ) वडा समितिको बैठकमा उपस्थित सदस्य तथा सहयोगार्थ खटिने कर्मचारीहरुलाई प्रति व्यक्ति रु ५००/- (अक्षरेपि पाँच सय ) का दरले नियमानुसारको कर कट्टी गरी बैठक भत्ता पाउनेछ।

**४. विषयगत समिति न्यायिक समिति लगायत सम्पूर्ण समितिहरुको बैठक भत्ता सम्बन्धि व्यवस्थाः**

(क) विषयगत समितिको बैठकमा उपस्थित पदाधिकारीहरुले प्रत्येक बैठकमा प्रति व्याक्ति रु १०००/- (अक्षरेपी एक हजार) मात्र का दरले नियमानुसारको कर कट्टी गरि बैठक भत्ता पाउनेछ । साथै बैठकमा सचिवको कार्य गर्ने कर्मचारि समेत सदस्यका रुपमा समावेश हुनेछ।

(ख) विषयगत समिति न्यायीक समिति वा अन्य समितिहरुको बैठक संचालनार्थ आवश्यक सहयोगका लागि १ जना कर्मचारि राख्न पाउनेछ र निजहरुले पनि प्रत्येक बैठकको प्रति व्याक्ति रु १०००/- (अक्षरेपी एक हजार मात्र) का दरले नियमानुसारको कर कट्टी गरी बैठक भत्ता पाउनेछ।

(ग) विषयगत समिति न्यायीक समिति वा अन्य समितिहरुको बैठकमा उपस्थित सहयोगार्थ खटिने कर्मचारीहरुलाई प्रति व्यक्ति रु ५००/- (अक्षरेपि पाँच सय ) का दरले नियमानुसारको कर कट्टी गरी बैठक भत्ता पाउनेछ।

(घ) न्यायीक समितिको बैठक वा पेशी दैनिक वा साप्ताहिक वा मुद्दाको चाप हेरी आवश्यकता अनुसार बस्न सक्नेछ।

**५. पदाधिकारिहरुको भ्रमण खर्च सम्बन्धी व्यवस्था**

(क) नगरपालिकाको सरकारी कामकाजको सिलसिलामा मुलुक बाहिर वा भित्र भ्रमण गर्नुपर्दा नगरपालिकाका प्रमुख र उपप्रमुख वडा अध्यक्ष र सदस्य लगायत अन्य

पदाधिकारिहरुले स्थानिय पदाधिकारीहरुका लागी एंव सदस्यको सुविधा ऐन, २०७५ बमोजिम भत्ता पाउनेछन ।

(ख) नगरपालिकाको सरकारी कामकाजको सिलसिलामा पदाधिकारीहरु मुलुकभित्र भ्रमण गर्नुपर्दा भ्रमणको लागि यातायातको टिकट खरिद गर्नुपर्ने भएमा टिकट खरिद गर्दा लागेको रकम कार्यालयबाट भुक्तानि दिईनेछ।

(ग) कुनै पनि गोष्ठि सेमिनार तालिम आदिमा आयोजक संस्था आफैले भ्रमण खर्च व्यहोर्ने भनी उल्लेख भई आएमा नगरपालिकाबाट भ्रमण भूक्तानी हुनेछैन तर आयोजक संस्थाले दिएको सुविधा बाहेकका अन्य सुविधामा नगरपालिकाले प्रदान दिने छैन ।

**६. काज स्वीकृत गर्ने सम्बन्धी व्यवस्थाः**

(क) उपप्रमुख प्रमुख प्रशासकीय अधिकृत तथा वडा अध्यक्ष एवं सदस्यहरुको काज स्वीकृत नगरपालिकाको नगरप्रमुख बाट हुनेछ। र नगर कार्यपालिकाको कार्यालय विषयगत शाखा वडा समितिको कार्यालयका कर्मचारिहरुको काज स्वीकृत नगरपालिकाको प्रमुख प्रशाससकीय अधिकृतबाट हुनेछ ।

**७. थपघट हेरफेर वा संशोधनः** कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ।

**८. वाध अडकाउ पुकाउने अधिकारः**

(क) यस कार्यिवधिको कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार नगर कार्यपालिकाको हुनेछ।

(ख) उपदफा (क) बमोजिमको अधिकार प्रयोग गर्दा प्रचलित ऐन नियम र यस कार्यविधिको मुलभुत कुरालाई असर गर्ने गरि अधिकारको प्रयोग गर्न सकिने छैन।

**९. यसै बमोजिम भए गरेको मानिनेः** यो कार्यविधि स्वीकृत हुनुपूर्व नगरपालिकाको नगरसभा कार्यपालिका वडा समिति लगायत अन्य समितिको बैठक बसे वाफत बैठक भत्ताहरु एंव पदाधिकारीहरुको भ्रमण खर्चहरु यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ।

आज्ञाले

सुरेन्द्रबहादुर बिष्ट

प्रमुख प्रशासकीय अधिकृत

शैलेश्वरी नगरपालिका